# दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका मूलभूत सिद्धान्तको व्याख्या

6
J

पञ्चायत नीति तथा जाँचबुझ समिति
काठमाडौं, नेपाल

# दलविहीन
# प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका
# मूलभूत सिद्धान्तको
# व्याख्या

MARTIN CHAUTARI LIBRARY KTM. NEPAL

## पञ्चायत नीति तथा जाँचबुझ समिति

काठमाडौं, नेपाल

प्रकाशक:


पञ्चायत नीति तथा जाँचबुझ समिति
ज्ञानेश्वर, काठमाडौं ।

२०४१ साल

85 48

मुद्रकः

श्री ५ को सरकारको छापाखाना,
सिंहदरबार, काठमाडौं ।



श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव



श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

# विषय-सूची


| | | पृष्ठ |
|---|---|---|
| १. | भूमिका | १ |
| २. | विषय-प्रवेश | ५ |
| ३. | पञ्चायत व्यवस्थाको सर्वोपरि साध्यः राष्ट्रियता | १२ |
| ४. | पञ्चायत व्यवस्थाको अपरिहार्य आधार : नेपाल र नेपालीको सर्वोत्तम हितको निम्ति श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व | २२ |
| ५. | पञ्चायत व्यवस्थाको उद्देश्यः प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना | ३० |
| ६. | पञ्चायत व्यवस्थाको माध्यम र प्रक्रिया : | |
| | निर्दलीयता | ३७ |
| | वर्ग समन्वय | ४२ |
| | विकेन्द्रीकरण | ४७ |
| | साझा | ५२ |
| | विकासका लागि राजनीति | ५७ |

# भूमिका

दलविहीन पञ्चायत व्यवस्था समयको माग र जनताको आकाँक्षा एवं चाहना अनुरूप चल्न सक्ने गतिशील राजनीतिक व्यवस्था हो भन्ने कुरा नेपालको संविधानमा अहिलेसम्म भएका तीन संशोधनले पुष्टि गरेको छ। समय सधैं एकनास रहन्न। हिजोको सोचाइ र मान्यतामा आज परिवर्तन पनि हुन सक्छ। पञ्चायत व्यवस्थाका सन्दर्भमा पनि बेला-बेलामा नौला-नौला परिवर्तनहरू भएका नै छन् र हुँदै पनि जानेछन्। तर भएका र हुने यस्ता परिवर्तनहरूले पञ्चायत व्यवस्थाको आधारभूत सिद्धान्तहरूलाई परिवर्तन हैन, झन् बलियो तुल्याउनेछ।

नेपालको संविधानमा पटक पटक संशोधन हुनु व्यवस्थाको कमजोरी नभई यसमा रहेको गतिशीलताको परिचायक हो। काम गर्दै जाँदा आइपर्ने व्यवधान

एवं कठिनाइ–चुनौतीको सामना गर्न यसको आवश्यकता पर्छ । नेपालको संविधानमा आजसम्म भएका संशोधन यही उद्देश्यद्वारा बढी प्रेरित छन् । त्यस्ता संशोधनले व्यवस्थाको मौलिकतामा बल पुऱ्याएको छ ।

राष्ट्रिय जनमत संग्रह नेपालको इतिहासमै अभूतपूर्व घटना थियो । जुन परिस्थितिमा देशमा दलविहीन पञ्चायत व्यवस्था लागू भएको थियो, त्यसमा जनसम्मति पूर्ण मात्रामा रहेको हो तापनि व्यवस्था इतर विचारधारा भएकाले बारम्बार यसलाई बलजफती र जवरजस्ती लादिएको भनेर प्रचार गर्ने अवसर पाइरहनु उचित थिएन । राष्ट्रनायक श्री ५ वीरेन्द्रबाट प्रजातन्त्र र लोकसम्मतिप्रतिको आस्था र विश्वास अनुरूप राष्ट्रिय जनमत संग्रह घोषणा गरिबक्स्यो । जनताले आफ्नो निर्णय निर्भीक रूपमा दलविहीन पञ्चायत व्यवस्थाको पक्षमा दिए ।

श्री ५ महाराजाधिराज सरकारबाट राष्ट्रिय जनमत संग्रह सम्पन्न हुनु अगावै संविधानमा समय सुहाउँदो संशोधन हुने हुकुम देशवासीलाई बक्स्यो । परिणाम जुनसुकै पक्षमा भएपनि राष्ट्रिय व्यवस्थापिकाका सदस्यको चुनाउ वालिग मताधिकारका आधारमा हुने,

व्यवस्थापिकाप्रति उत्तरदायी मन्त्रिपरिषद् रहने आदि विशेषता थिए । राष्ट्रिय जनमत संग्रहको परिणाम घोषणा हुनासाथ श्री ५ बाट संविधान सुधार सुझाव आयोग गठन पनि गरिबक्स्यो जसले देशका तमाम बुद्धिजीवी र सर्वसाधारण समेतसंग सम्पर्क सम्बन्ध कायम राखी संशोधनका लागि आवश्यक सुझावहरू मौसूफ सरकारको जुनाफमा चढायो । संविधानको तेस्रो संशोधनले पञ्चायत व्यवस्थालाई अरू बढी जनमुखी तुल्यायो । त्यसपछि सम्पन्न भएको राष्ट्रिय पञ्चायतका सदस्यको निर्वाचन र यसै वर्षको शुरूमा सम्पन्न भएको स्थानीय पञ्चायतहरू एवं वर्गीय संगठनका निर्वाचनमा देखिएको व्यापक जनसहभागिताले राष्ट्रनायक श्री ५ वीरेन्द्र-बाट हुकुम भए झैं "सबै नेपाली पञ्च र सबै पञ्च नेपाली" भन्ने भावना साकार हुन पुगेको छ ।

नेपालको संविधानमा भएको तेस्रो संशोधनमा पञ्चायत नीति तथा जाँचबुझ समितिको व्यवस्था गरिएको छ जसको मुख्य उद्देश्य दलविहीन प्रजातान्त्रिक पञ्चायत प्रणालीको सम्बर्द्धनका लागि आवश्यक पर्ने काम कारवाही गर्नु हो । यसै अनुरूप समितिले ०३८ फागुनमा केन्द्रीय पञ्च भेलाको आयोजना गऱ्यो,

केन्द्रीय पञ्च भेलाले दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाका आधारभूत सिद्धान्त, आदर्श एवं मान्यताहरू प्रति अगाध आस्था राखी तिनको निष्ठापूर्वक पालना गर्ने दृढता प्रकट गर्दै यस व्यवस्थाका आधारभूत सिद्धान्त, मान्यता र आदर्शहरूलाई आजको सन्दर्भमा विस्तारपूर्वक र रोचक किसिमले व्याख्या गरिएका कृतिहरू प्रकाशित गर्नु पर्ने आवश्यकता औंल्याएको थियो । त्यसै अनुरूप यो सानो पुस्तिका तयार पारिएको छ । दलविहीन पञ्चायत व्यवस्थाका कर्मठ कार्यकर्ताहरूका साथै सर्वसाधारणको लागि पनि यो उपयोगी हुने आशा तथा विश्वास यस समितिले लिएको छ ।

# विषय-प्रवेश

सत्र साल पुष १ गतेको कदम विना कारण उठाइएको थिएन । देशको आवश्यकता र जनताको आकांक्षा एवं चाहना अनुरूप नै दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको श्रीगणेश भएको थियो भन्ने कुरा त्यसअघि देशको दश वर्षको इतिहास अथवा घटनाउपर सरसर्ती दृष्टि दिंदा स्पष्ट हुन आउँछ ।

सात सालमा राजा र जनताको आपसी सहयोग-बाट एक सय चार वर्षको जहानियाँ राणा शासन समाप्त भई देशमा प्रजातन्त्र स्थापना भयो । त्यसबेला नेपाली जनतामा जे जस्तो उत्साह र उमंग देखापऱ्यो त्यसले स्थायित्व पाउन सकेन । उनीहरू प्रजातन्त्रका वास्तविक फाइदाहरू उपभोग गर्नबाट बन्चित रहे । केही राजनैतिक दलका सीमित नेताहरूलाई सत्तामा पठाउन नेपाली जनताले क्रान्तिमा भाग लिएका

थिएनन् न त राजाबाट यसकै निम्ति राजगद्दीको समेत बाजी लगाई बक्सेको हो। सातदेखि सत्र सालका बीच अनेकौं परीक्षण भए। पन्ध्र सालमा आम चुनाव पनि भयो। तर देश र जनताको हित र भलाइ हुनुको साटो ती झन् झन् उपेक्षित हुँदै गए। जातीयता, क्षेत्रीयता र भाषागत अनेकता देखा पर्न थाल्यो। जनता विभिन्न राजनैतिक वादमा विभाजित हुन पुगे। राजनैतिक दल आपसमा टुक्रिदै जान थाले। राष्ट्रिय एकताको अभावमा राजनैतिक, आर्थिक एवं सामाजिक क्षेत्रमा विसंगतिहरू देखा पर्न थाले। सबभन्दा चिन्ताको विषय हुन पुग्यो, परराष्ट्र-नीति जस्तो गहन मामिलामा सन्तुलन कायम हुन नसक्नु, दुईतिर बेग्लाबेग्लै राजनैतिक सिद्धान्त भएका विशाल छिमेकीको माझमा चेप्पिएर रहेको नेपालका लागि परराष्ट्र नीतिमा साधारण असन्तुलनले पनि भयावह परिणाम ल्याउन सक्ने तथ्यलाई अस्वीकार गर्न सकिन्न। सत्र सालअघि नेपालको ज्यादै कम मुलुकसँग मात्र दौत्य सम्बन्ध रहेको र विश्व मामिलामा यसको भूमिका नगण्य प्राय: भएकाले पनि आफ्नो व्यक्तित्वको विकासका लागि नेपालले आफ्नो परराष्ट्र नीतिको संचालन होशियारीपूर्वक गर्नु आवश्यक थियो।

प्रत्येक देशमा एकै किसिमको राजनैतिक व्यवस्था

कायम हुनुपर्छ भन्ने छैन। राजनैतिक व्यवस्था एक माध्यम मात्र हो, त्यस्तो माध्यम देशको वातावरण र जनताको आकांक्षा अनुरूप भयो भने त्यो सफल ठहरिन्छ। शिक्षित र सम्पन्न जनताको बाहुल्य भएको पश्चिमा देश-हरूमा सफल मानिएको राजनैतिक व्यवस्था, अशिक्षित र आर्थिक दृष्टिले पछाडि परेका जनताको बाहुल्य भएको देशमा पनि सफल हुनपर्छ भन्ने छैन। नेपालमा संसदीय व्यवस्था किन फापेन र दलविहीन पञ्चायत व्यवस्थालाई जनताले आफ्नै राजनैतिक व्यवस्थाको रूपमा अपनाए भन्ने कुरा बुझ्न उति गाह्रो छैन।

नेपालमा शाहवंशीय राजाहरू सधैं जनपक्षीय रहेका छन् र जनताले पनि राजाप्रतिको आफ्नो आस्था र विश्वासमा कहिल्यै आँच आउन दिएको छैन। वास्तवमा राजाको सक्रिय र गतिशील नेतृत्व नपाउँदा नेपालीले न्यास्रो मान्छ, देशको प्रगतिको मुहान नै बन्द हुन्छ। त्यसैले नेपाली सधैं त्यस्तो राजनैतिक व्यवस्थाका पक्षमा हुन्छन् जसमा राजाको सक्रिय र गतिशील नेतृत्व प्राप्त होस्। दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाले व्यापक जन-समर्थन र विश्वास पाउनुको पछाडि राजाको सक्रिय नेतृत्वले यसमा महत्त्वपूर्ण भूमिका खेल्नु नै रहेको छ। सत्र साल पुस

१ गतेको कदमपछि देशमा जुन नौलो र उत्साहको वातावरण आयो त्यसले प्रजातन्त्रलाई जगैदेखि मजबूत तुल्याउने दिशामा ठोस कदम प्रमाणित गरेको छ ।

सत्र साल पुस १ गतेको कदमपछि स्वर्गीय श्री ५ महेन्द्रबाट के र कसोको अनिश्चित वातावरण धेरै दिन रहन दिइबक्सेन । त्यसको तीन हप्तापछि, पुस २२ गते मौसूफबाट भू-परिवेष्ठित नेपाल र दलगत राजनीतिका माध्यमद्वारा विकास क्रममा अग्रसर हुन नसक्ने वास्तविकतालाई हृदयङ्गम गरिबक्सी देशमा दलविहीन पञ्चायत व्यवस्था लागू हुने घोषणा गरिबक्स्यो । सारा देशवासीले मौसूफको यस दूरदर्शी कदमको खुला हृदयले स्वागत गरे । माथिबाट लादिएको प्रजातन्त्रको सट्टा जगैदेखि नै यसलाई सुदृढ तुल्याउने, वर्ग समन्वयका अधारमा देशका सामु उपस्थित राज-नैतिक, आर्थिक एवं सामाजिक विसंगतिहरूलाई निर्मूल पार्ने पञ्चायत व्यवस्थाको मूलभूत लक्ष्य स्वयंमा महान थियो । बितेका तेईस वर्षको अवधिमा देशले विभिन्न क्षेत्रमा हासिल गरेका उपलब्धिका आधारमा हामी भन्न सक्छौं यो व्यवस्था नेपाल र नेपालीका लागि समय सुहाउँदो व्यवस्था हो ।

२०१९ सालमा नेपालको संविधान लागू भयो ।

देशका वरिष्ठ राजनीतिज्ञहरूले यसको निर्माणमा योगदान दिएका थिए । समयको माग अनुसार चल्ने क्षमता भएको दलविहीन पञ्चायत व्यवस्थाका लागि संविधान पनि सोही अनुरूप गतिशील हुनु स्वाभाविक थियो । पटक पटक गरी अहिलेसम्म तीन पल्ट यसमा संशोधन भइसकेको छ । पहिलो संशोधनबाट पञ्चायत प्रणालीमा निर्दलीयताको अपरिहार्यता स्वीकार गरेको छ । २०३२ सालमा भएको दोस्रो संशोधनले विशेष गरी कार्यकर्ताहरूको मूल्याङ्कनको परिपाटीलाई स्वीकार गर्नुका साथै, विकासका लागि राजनीतिको सिद्धान्त सूत्रपात गऱ्यो । काम गर्दै जाँदाको अनुभवले यसमा तेस्रो संशोधन हुनु पनि वान्छनीय भयो । श्री ५ महाराजाधिराज सरकारबाट २०३६ साल जेष्ठ १० गते दलविहीन पञ्चायत व्यवस्थाप्रति जनताको सोचाइ बुझ्ने अभिप्रायले राष्ट्रिय जनमत संग्रहको घोषणा गरिबक्स्यो । व्यवस्थाका कार्यकर्ताहरूका लागि राष्ट्रिय जनमत संग्रह परीक्षाको घडी थियो । जसमा उनीहरू सफल भए। जनमत संग्रह सम्पन्न हुनु अघि नै २०३७ साल पुस १ गते श्री ५ महाराजाधिराज सरकारबाट जनमत संग्रहमा जुनसुकै पक्ष विजयी भएपनि व्यवस्थापिकाका लागि वालिग मताधिकारका आधारमा

निर्वाचन हुने, राष्ट्रिय व्यवस्थापिकाले वहुमतले चुनेको व्यक्ति प्रधान मन्त्री बन्ने र प्रधान मन्त्री लगायत सबै मन्त्रीहरू राष्ट्रिय व्यवस्थापिकाप्रति उत्तरदायी हुने घोषणा गरिबक्स्यो । देशवासीलाई दिइएको बचन अनुरूप श्री ५ महाराजाधिराज सरकारबाट संविधान सुधार सुझाव आयोग गठन गरिबक्स्यो र नेपालको संविधानमा तेस्रो संशोधन भई सोही अनुसार राष्ट्रिय पञ्चायतको सदस्यका लागि वालिग मताधिकारका आधारमा निर्वाचन समेत सम्पन्न भयो । निर्दलीय पञ्चायत व्यवस्था स्वतः गतिशील व्यवस्था हो । यसमा अन्तर्निहित गतिशीलताको चरित्रले गर्दा नै आफ्ना अनुभव व्यवहार एवं दृष्टिकोणमा यो अझ बढी व्यापक र समृद्ध भएर गइरहेको छ । यसैले भविष्यमा पनि यस व्यवस्थाले आफ्ना मूलभूत सिद्धान्तको परिपुष्टिका निम्ति आवश्यकता अनुरूप परिवर्तनको प्रक्रियालाई चालू राख्नेछ भन्ने केन्द्रीय पञ्च भेलाको विचारसँग पूर्ण रूपले सहमत हुन सकिन्छ ।

पञ्चायत व्यवस्थाका मूलभूत आधार र विशेषताहरूको औपचारिक व्याख्या संविधानको दोस्रो संशोधनपछि देशमा पञ्च, बुद्धिजीवी एवं समाजसेवीहरूबाट विस्तृत रूपमा भयो । जस अनुसार व्यवस्थाका सिद्धान्त

सूत्रमा सर्वोपरि साध्य–राष्ट्रियता, अपरिहार्य आधार श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व र प्रजातान्त्रिक न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सिर्जना प्रमुख उद्देश्य रह्यो। यी उद्देश्यहरू हासिल गर्ने माध्यम र प्रक्रियाका रूपमा निर्दलीयता, वर्गसमन्वय, विकेन्द्रीकरण, साझा र विकासका निम्ति राजनीतिलाई अँगालियो। यिनै सिद्धान्त सूत्रलाई वर्तमान परिवेशको सन्दर्भमा सरल रूपमा व्याख्या गर्ने प्रयास यहाँ गरिएको छ।

# "पंचायत व्यवस्थाको सर्वोपरि साध्य राष्ट्रियता

नेपालीका लागि आफ्नो राष्ट्रियता जोगाउन र त्यसलाई बलियो पार्ने प्रश्न नै सबैभन्दा बढी महत्त्वको रहँदै आएको छ । दुई विशाल बेग्ला-बेग्लै राजनैतिक पद्धति अपनाएका छिमेकी राष्ट्रहरूका बीच चेपिएर रहेको नेपालले आफ्नो जन्मकालदेखि नै आफ्नो राष्ट्रियता जोगाउनका लागि अटूट रूपमा संघर्ष गर्दैआएको छ। यहाँ राष्ट्रियता जोगाउने र त्यसलाई दरिलो पार्ने प्रयत्नमा हाम्रा वीर पुर्खाहरूले गरेको अपूर्व त्याग र बलिदानको कथाले नेपाली इतिहास भरिएको छ ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता र प्रादेशिक अखण्डताप्रति नेपालीहरूको दृढ आस्था, प्रेम र सम्मानले नेपाली राष्ट्रियतालाई दिगो र दरिलो बनाउँछ ।

नेपाल एक स्वतन्त्र राष्ट्र हो। हामी नेपाली यसका जिम्मेदार नागरिक हौं। हामी आफ्नो राज्य व्यवस्थाको आफै संचालन गर्न सक्षम छौं। आइपरेका जस्तोसुकै कठिन राष्ट्रिय हाँकको मुकाबिला हामी आफैले गर्न सक्छौं। आफ्नो आन्तरिक मामिलामा हामी कुनै बाहिरी शक्तिको दवाव वा हस्तक्षेप चाहँदैनौं। हामी कसैको खटन-पटनमा बस्न चाहँदैनौं। हामी स्वतन्त्र रही आएका छौं र स्वतन्त्र रहनेछौं। हाम्रो गौरवशाली इतिहास छ। आफ्नो मातृभूमि, मातृभाषा र संस्कृति-प्रति हाम्रो अगाध श्रद्धा र सम्मान छ। उपर्युक्त भावनाहरू र तिनलाई व्यवहारमा ल्याउने दृढ संकल्प नै नेपाली राष्ट्रियताका मूल आधार हुन्।

अर्को शब्दमा भन्ने हो भने हाम्रो राष्ट्रियता नेपाली जातिको भावात्मक एकता र दृढ अठोटमा अडेको छ। राष्ट्रियताको आदर्श अनुरूप आचरण गर्न निरन्तर अभ्यास गर्दै रहेमा ठोस राष्ट्रिय चरित्रको निर्माण हुन्छ। यस्तो चरित्रले हाम्रो राष्ट्रियतालाई अझ बढी दरिलो बनाउँछ। राष्ट्रियताले हामीमा व्यापक राष्ट्रिय दृष्टिकोणको विकास गराउँछ जस अन्तर्गत जातीयता, क्षेत्रीयता र साम्प्रदायिकताको आधारमा विकसित हुँदै गरेको संकीर्ण र नकारात्मक प्रवृत्तिहरूको

कुनै स्थान हुँदैन । आफ्नो भूभागभित्र रहेका विभिन्न जाति, वर्ण र धर्मका साथै साँस्कृतिक एवं भाषागत भिन्नतालाई राष्ट्रियताको व्यापक आदर्शले आफूभित्र समेटेर बृहत् एकताको सूत्रमा गाँसेको हुन्छ । यसको अतिरिक्त समाजभित्र रहेका विभिन्नताहरू बीच सन्तुलित अन्तर सम्बन्ध पनि राष्ट्रियताकै माध्यमले विकसित भएको हुन्छ । नेपाली राष्ट्रियता अन्तर्गत कायम रहेको विभिन्नतामा एकताको रहस्य पनि यही हो । ठोस राष्ट्रियता विकसित भएको राष्ट्र र जाति कहिले पनि मर्दैन ।

नेपाली राष्ट्रियता समयको कसीमा खारिंदै आएको छ । विगतमा हाम्रो राष्ट्रियताले कठिन हाँकहरूको सामना गर्नु परे जस्तै आज पनि यसले आफ्नो संरक्षण र सम्बर्द्धनका लागि कठिन संघर्ष गर्नुपरेको छ । ठोस राष्ट्रिय एकता कायम राखी निरन्तर सतर्क रही हामीले आँखाको नानी झैं यसको रक्षा गर्न सधैं प्रयत्नशील रही रहनु परेको छ ।

वर्तमान विश्वमा देखिन थालेको नवउपनिवेशवाद र प्रभुत्ववादको प्रवृत्तिले कमजोर र स्याना देशहरूको स्वतन्त्रता लोप हुने खतरा बढ्दै गएको छ । पुरानो खालको साम्राज्यवादी नीतिको ठाउँमा अल्पविकसित

साना राष्ट्रहरूको संस्कृति र अर्थ व्यवस्थालाई विस्तारै समाप्त पार्दै आफ्नो स्वार्थ साधना गर्ने प्रवृत्ति केही ठूला खाले राष्ट्रहरूको रहेको बुझिन्छ ।

हाम्रो सन्दर्भमा राष्ट्रियताको प्रश्न हाम्रो जीवन मरनको प्रश्नको रूपमा रहँदै आएकोले नै यसलाई हामीले सर्वोपरि साध्यको रूपमा स्वीकार गरेका छौं । नेपाली राष्ट्रियताका आफ्नै मौलिकता र विशेषताहरू छन् । यिनै विशेषताहरूबाट बल प्राप्त गरी पुरातनकाल-देखि आजसम्म यस राष्ट्रले आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सफल रहेको छ । अठारौं र उन्नाईसौं शताब्दीमा प्रचण्ड वेगले चलेको साम्राज्यवादको हुरीले संसारका एक-से-एक ठूला र शक्तिशाली राष्ट्रहरूलाई समेत पराधीन पार्न सफल भयो । त्यस अवस्थामा नेपालले आफ्नो स्वतन्त्रतालाई जोगाउन सक्यो । यो हाम्रो आफ्नै विशेषता हो ।

नेपालको इतिहासमा राजमुकुट नेपाली एकताको प्रतीक र संस्कृतिको संरक्षकको रूपमा रहेको छ । "मेरा साना दुःखले आर्ज्याको मुलुक होइन सबै जातको फूलवारी हो, सबैलाई चेतना भया" भन्ने नेपाल राष्ट्रका निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको महावाणीले उपरोक्त कुराको राम्रो पुष्टि गरेको छ ।

नेपालको राष्ट्रियता कायम रहन नसकेमा नेपाली संस्कृति र जातिकै लोप हुन जानेछ भन्ने चेतनालाई जाग्रत गराउने क्रममा नेपाल नरहे नेपालीको अस्तित्व मेटिनेछ भन्ने स्व. श्री ५ महेन्द्रको महावाणीले पनि यस कुराको पुष्टि गरेको छ ।

"प्रत्येक नेपाली जन्मदेखि स्वतन्त्र भएर हुर्किएको हुन्छ र आफ्ना पुर्खाको रगत पसीनाले रक्षा गरेको राष्ट्रिय स्वतन्त्रताको माया उसको मुटुभन्दा प्यारो हुन्छ" भन्ने श्री ५ वीरेन्द्रको महावाणीमा सम्पूर्ण नेपाली आत्माले अभिव्यक्ति पाएको छ । नेपाली राजमुकुट र राष्ट्रियताको अन्योन्याश्रित सम्बन्धले अतिशय घत-लाग्दो किसिमबाट श्री ५ वीरेन्द्रको निम्नलिखित महावाणीमा सजीव अभिव्यक्ति पाइएको छ ।

"नेपाली राजमुकुट प्रजाका निमित्त, नेपाली प्रजा राजमुकुटका निमित्त, राजा र प्रजा दुवै नेपाल र नेपालीका निमित्त, हाम्रो सारा तन, मन, धन नेपालको निम्ति" बाईसे, चौबीसे राज्यको रूपमा रहेका मेची-देखि महाकालीसम्मको भू-भागलाई एक सूत्रमा गाँसी एक सिंगो नेपाल राष्ट्रको निर्माण गर्ने श्रेय यस देशको राजमुकुटलाई नै रहेको छ । राष्ट्रको अस्तित्वलाई

बचाउने तथा संस्कृति र अर्थ-व्यवस्थालाई जोगाउने मार्ग दर्शन पनि नेपालीले राजमुकुटबाटै प्राप्त गरेका छौं। श्री ५ बडामहाराजाधिराजका दिव्य उपदेशहरूको मात्र अध्ययन गरेमा पनि नेपाली राष्ट्रियतालाई दिगो र दरिलो पार्न सबै सूत्रहरू पाउन सकिन्छ।

यसरी नेपाली राष्ट्रियताको उत्तरोत्तर विकास गराउने गौरवशाली परम्परा शाहवंशीय राजाहरूको रहँदै आएको छ। लोकसम्मति अनुसार शासन गर्ने शाहवंशीय परम्पराले राजा र प्रजाका बीच सौहार्दपूर्ण अन्योन्याश्रित सम्बन्ध कायम हुन गएको छ जसले हाम्रो राष्ट्रियताको जरोलाई युगौंदेखि बलियो पार्दै ल्याएको छ। त्यसैको फलस्वरूप राजमुकुट नेपाली एकताको केन्द्र र प्रेरणाको स्रोतको रूपमा रहँदै आएको छ। सारांशमा राष्ट्रियता र राजमुकुट एक अर्काका पूरकका रूपमा रहेका छन्।

नेपालमा राजमुकुट जनताबाट ओझल वा टाढा भएको अवस्थामा नेपाली समाजले के के भोग्नु पर्‍यो त्यो अझै हाम्रा मस्तिष्कमा ताजा नै छन्।

१०४ वर्षको जहानिया शासनकालमा राजा र प्रजाको बीच तेस्रो शक्तिको उदयले गर्दा राजमुकुटको भूमिका गौण हुन पुग्यो। नेपालको इतिहासमा राजा र

प्रजाबीच कायम रहँदै आएको सुमधुर सम्बन्धको शृङ्खला बीचमा टुट्न गएकोले हाम्रो देश विकासको दौडमा निकै पछाडि पर्न गयो। नेपाली राष्ट्रियता पनि कुंठित हुन पुग्यो।

राजा र प्रजाका संयुक्त प्रयासबाट सम्पन्न भएको २००७ सालको क्रान्तिले प्रजातान्त्रीकरण र राष्ट्रियताको स्वस्थ विकासको बाटोमा तगारोको रूपमा रहेको जहानिया शासनको अन्त गऱ्यो। यसरी राजमुकुटको नेतृत्वमा नेपाली राष्ट्रियताले सही दिशामा हुर्कने मौका पायो। नेपालको एकीकरण र प्रजातान्त्रीकरणले राष्ट्रियताको संरक्षण र सम्बर्द्धनमा ठूलो योगदान गरेको छ।

नेपालको राष्ट्रियतालाई टेवा दिने र अझ विकसित गर्न नेपालको आधुनिकीकरण एक आवश्यक पूर्व शर्तको रूपमा रहेको छ। अल्पविकसित एवं परम्परागत नेपाली समाजलाई आधुनिक सीप र प्रविधिका माध्यमले वर्तमान अवस्थाबाट एक समुन्नत समाजमा परिणत गरेर मात्र हाम्रो राष्ट्रियताको रक्षा गर्न सकिन्छ। समाजमा रहेको भावात्मक एकतालाई ठोस राष्ट्रिय एकतामा परिणत गर्नका लागि हामीले एकीकृत रूपमा विभिन्न सामाजिक आर्थिक कार्यक्रमको संचालन

गर्नु आवश्यक छ । यसको अतिरिक्त राष्ट्रियतालाई दरिलो पार्नका लागि देशले गरेको विकासको फललाई न्यायोचित ढङ्गबाट सामान्य जनताको घर दैलोमा पुऱ्याउन पनि त्यत्तिकै आवश्यक छ ।

उपर्युक्त उद्देश्यहरूको परिपूर्तिका लागि समस्त राष्ट्रिय शक्ति र स्रोतलाई राष्ट्रिय निर्माणको दिशामा प्रवाहित गर्नुपर्ने विशेष आवश्यकता अनुरूप राजमुकुटको नेतृत्वमा २००७ सालदेखि आजसम्ममा आवश्यक सामाजिक, राजनैतिक र आर्थिक सुधारहरू हुँदै आएका छन् । दलविहीन पञ्चायती व्यवस्थाको स्थापना पनि उपर्युक्त उद्देश्यहरूको प्रभावकारी ढंगबाट परिपूर्ति गर्नका लागि भएको हो ।

अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा नेपालले अपनाएको असंलग्न परराष्ट्रनीतिले समेत हाम्रो राष्ट्रियतालाई दिगो र दरिलो बनाउनमा ठूलो भूमिका खेलेको छ । हाम्रो राष्ट्र निर्माणले आफ्नो स्वतन्त्र राष्ट्रिय अस्तित्व जोगाई राख्न सदा सर्वदा जागरूक र सचेत रही प्रयत्नशील रहन दिएको मार्ग दर्शन आज पनि त्यतिकै सामयिक रहेको छ ।

हाम्रो असंलग्न परराष्ट्रनीति कुनै बाहिरी शक्तिको दबावमा नरही कुनै गुट विशेषमा नलाग्ने र शान्ति,

समानता र न्यायको पक्ष लिने आधारमा संचालित छ। अन्तर्राष्ट्रिय मामिलामा हामी आफ्नो विवेक र बृहत राष्ट्रिय स्वार्थ अनुकूल निर्णय गर्दछौं, जसले हाम्रो राष्ट्रियतालाई बलियो पार्नमा मद्दत पुऱ्याई रहेको छ।

हाम्रो पराष्ट्रनीतिका यिनै सकारात्मक उपलब्धि-हरूलाई अझ प्रभावकारी ढङ्गले समेटी हाम्रो राष्ट्रि-यतालाई संस्थागत रूपमा संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यले नै श्री ५ वीरेन्द्रबाट नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्ताव राखिबक्सेको हो। हाम्रो राष्ट्रियता-लाई ठोस रूपमा टेवा दिने यस प्रस्तावको दूरगामी महत्त्वलाई प्रत्येक नेपालीले चिन्तन र मनन गर्नु पर्दछ।

परमाणु युद्धको त्रास र चर्किंदै गएको अन्तर्राष्ट्रिय तनाउ र क्षेत्रीय युद्धले गर्दा शान्ति कायम राख्ने प्रश्न आज सर्वाधिक महत्त्वको हुन आएको छ। विश्व शान्तिका लागि सबै राष्ट्रले अटूट रूपमा प्रयत्न गर्नुपर्ने विशेष आवश्यकता छ। नेपालको विशेष स्थितिमा त शान्तिको प्रश्न यस राष्ट्रको अस्तित्व सँगै गाँसिएकोले हाम्रो लागि रहेको यसको महत्त्वलाई हामीले सहजै बुझ्न सक्दछौं।

विश्वमा चलिरहेको शस्त्रास्त्रको होडबाजीको साथै प्रभुत्ववाद तथा विस्तारवादको खतराले हामीलाई

सचेत र प्रयत्नशील हुन बाध्य गरेको छ । अर्कोतिर नवउपनिवेशवादको व्यूहरचनाले एशिया महादेशको यस भू-भागको वरिपरि पनि तनाउमा वृद्धि हुन गई शान्ति खलबलिने स्थिति उत्पन्न हुन थालेको छ । हाम्रो जस्तो भू-राजनैतिक विशेषता भएको देश शक्तिशाली राष्ट्रहरूको पारस्परिक द्वन्दको अखडा बन्न गई नेपालको अस्तित्व नमेटियोस् भन्ने उद्देश्यले नै शान्ति क्षेत्रको प्रस्ताव आएको हो । नेपालको विकास र नेपाली राष्ट्रियताको संरक्षण एवं सम्वर्द्धनको लागि ल्याइएको शान्ति क्षेत्रको प्रस्तावको वास्तविक मर्मलाई हामीले बुझ्नु आवश्यक छ ।

हामीले यो पनि बुझ्नु पर्छ हाम्रो राष्ट्रियता बृहत् राष्ट्रिय हितमा आधारित छ । यो अंधराष्ट्रवाद होइन । विवेक र तर्कमा आधारित वैज्ञानिक दृष्टिकोण-बाट उत्पन्न भएको समसामयिक विचार हो । यो कुनै राष्ट्र विशेषको समर्थन वा विरोधमा आधारित नभई सबैसँग पारस्परिक सौहार्द, समानता र सहयोगको आधारमा विकसित हुँदै आएको छ । यस बाहेक नेपाली समाजमा कायम रहेको सहिष्णुताले हाम्रो राष्ट्रियतालाई आफ्नै किसिमको मौलिकता र सुदृढता प्रदान गरेको छ ।

# पंचायत व्यवस्थाको अपरिहार्य आधारः नेपाल र नेपालीको सर्वोत्तम हितको निम्ति श्री ५ को गतिशील एवं सक्रिय नेतृत्व

नेपालमा राजतन्त्रको आफ्नै किसिमको विशिष्ट परम्परा छ । यस किसिमको परम्परा विश्वका अरू देशको इतिहासमा अथवा राजनीति शास्त्रको सिद्धान्तमा खोज्नु नै निरर्थक छ। जनताको धुरीबाट धुंवा नआएसम्म राजा भोकै बस्ने यस देशको मौलिक परम्परा अथवा संस्कृति हो । अन्त कहाँ खोज्ने यस्ता उदाहरण ? जनताको हित र भलाइका लागि राजकीय वैभव, सुख सयललाई तुच्छ ठान्ने, देश र जनताको लागि राजगद्दीसम्म त्याग्न पछि नहट्ने राज परम्परा भएको यो देश हो । राजाको आज्ञालाई देववाणी तुल्य ठान्ने र

त्यसलाई शिरोपर गर्न अलिकति पनि आनाकानी नगर्ने नेपाली परम्परा र स्वभाव रहेको छ। राजा र जनता यहाँ सधैं एक अर्काका पूरक रही आएका छन्। नेपाल भन्नु नै यी दुवैको समष्टि रूप हो।

नेपाली जनता राजाको नेतृत्वको छहारीमा नै आफूलाई सुरक्षित ठान्छन्। कतैबाट कुनै आपद-विपद आइपरेमा नेपाली राजालाई गुहार्न पुग्छन्। त्यस्तै कहीं कसैबाट अन्याय अत्याचार भयो भने "राजा नभएको देश हो र?" भनेर त्यसको प्रतिकार गर्न पुग्छन्। राजाको गतिशील सक्रिय नेतृत्व नेपाल र नेपालीको सर्वोत्तम हितका लागि अत्यन्त आवश्यक छ। यो इतिहास र अनुभवद्वारा प्रमाणित तथ्य हो। जुन बेला नेपाल अनेकौं स-साना राज्यमा विभाजित थियो, त्यसबेला यस भू-भागमा कुनै पनि राज्य र जनता राजनैतिक आर्थिक एवं सामाजिक दृष्टिले सुरक्षित थिएनन्। जुन राज्यमा राजा शक्तिशाली एवं जनप्रिय थिए त्यहाँको स्थिति चाहीं अर्कै थियो। नेपाल राज्यको एकीकरण समयको माग थियो। यो काम अरू केही वर्ष ढीलो भएको भए आज नेपाल स्वतन्त्र राज्यका रूपमा र नेपाली स्वतन्त्र जातिका रूपमा रहन पाउँथे कि पाउँथेनन् भन्न सकिन्न। श्री ५ बडामहाराजाधिराज

पृथ्वीनारायण शाहबाट नेपाल एकीकरण अभियानको क्रममा विदेशी उपनिवेशवादी शक्तिसँग पनि लड्नु परेको र राजा र जनताको संयुक्त प्रयासबाट नै त्यस युद्धमा नेपाली पक्षको विजय भएको थियो । इतिहास-कारहरूले यसलाई नेपाल एकीकरण जतिकै महत्त्व दिएका छन् । शाहवंशीय राजाहरू बढी जनपक्षीय रहेबाट नै एकीकरण अभियान सफल भएको हो ।

नेपालीले राजाको गतिशील एवं सक्रिय नेतृत्वबाट कारणवस एक शताब्दीसम्म बन्चित रहनु पर्दा नेपालको विकास ठप्प भएको, नेपालीले उकुसमुकुसको वाता-वरणमा बाँच्नु परेको कुरा पनि इतिहासद्वारा प्रमाणित छ । विश्वका अनेकौं मुलुकमा जुनबेला आर्थिक क्रान्तिको लहर चलिरहेको थियो त्यसबेला नेपाल र नेपाली निस्लोट अँध्यारोमा थिए । सात सालमा मात्र पुनः राजा र जनताको संयुक्त प्रयासबाट त्यो अंध्यारो फाटेर देशमा घाम लागेको थियो। यसरी जनतालाई प्रजातान्त्रिक अधिकारहरू दिलाउन पनि राजाकै त्याग, तपस्या र बलिदानले यहाँ महत्त्वपूर्ण भूमिका खेल्यो । तैपनि सातदेखि सत्र सालका बीचमा राजा र जनताका आकांक्षा अनुरूप देशमा काम हुन सकेन । एक दशकको अवधि परीक्षणमै बित्यो । पन्ध्र सालको

आम चुनावपछि गठित सरकारले यो देशमा राजाको गतिशील एवं सक्रिय नेतृत्वको आवश्यकता ठम्याउन सकेन। राजा र जनताका बीच साध्य हुनु पर्नेमा त्यस बेलाको सरकार पर्खाल बन्न पुग्यो । जनताले पुनः उकुस मुकुस अनुभव गर्न पऱ्यो। सत्र सालको कदमलाई नेपाली जनताले राजाबाट देश र जनताको सर्वोच्च हितका लागि उठाइएको कदमका रूपमा सहर्ष स्वीकार गरे ।

विभिन्न जाति, सम्प्रदाय, भाषा, संस्कृति र धर्मका अनुयायी भएको नेपाल जस्तो सानो देशले आफ्नो व्यक्तित्वको विकासका लागि राष्ट्रिय एकतालाई सुदृढ पार्नु आवश्यक थियो । त्यो एकता राजाको सक्रिय एवं गतिशील नेतृत्वबाट नै उपलब्ध हुन सक्छ। सत्र सालपछिको दुई दशकले राजाको नेतृत्व यस देश र यहाँका जनताका लागि जीवन मरणको सवालका रूपमा रहेका कुरा स्पष्ट गरेको छ । आज विश्वका कैयौं मुलुक नेतृत्वको संकट अनुभव गरिरहेका छन् । तिनको राष्ट्रिय एकता र स्वाधीनता समेत खतरामा परेको छ । तर नेपालले भाग्यवश यस किसिमको विकट परिस्थितिको सामना गर्नु परेन । राजाको नेतृत्व अप्रत्यक्ष वा अलिकति कमजोर हुँदा पनि जाति-

गत, भाषागत अनि साँस्कृतिक अनेकता जस्ता साम्प्रदायिक भावनाले टाउको उठाउन सक्छ । त्यसबेला नेपाल र नेपालीको कस्तो दुर्दशा होला सोच्दा पनि हाम्रो आङ सिरिङ्ग भएर आउँछ, रौं ठाडिएर आउँछन् ।

राजालाई पालनकर्ता विष्णुको रूपमा लिने नेपालीको परम्परा कोरा आदर्श नभई व्यावहारिक हो । देशका कुनै पनि भागमा दैवी प्रकोप वा जुनसुकै कारणले पनि जनताले दुखः कष्ट पाएको समाचार सुन्दा राजा अत्यन्त चिन्तित भइबक्सेको र उद्धार कार्यको सञ्चालन र रेखदेख समेत स्वयंले गरिबक्सेको उदाहरण प्रशस्त भेटिन्छन् । नेपाली जनतालाई राजाको बाहेक अरूको नेतृत्व स्वीकार नहुनुमा अनेकौं कारणहरू हुन सक्छन् । तिनमा प्रमुख हुन् राजा राष्ट्रिय एकताका प्रतीक देशको सार्वभौमिक अक्षुण्णताका सजग प्रहरी, जनताका सुखःदुखमा सहभागी रहनु आदि । यसभन्दा मुख्य कुरो त नारायणहिटीमा राजा होइबक्संदा आफूलाई सुरक्षित र निश्चित ठान्ने नेपाली मनोवृत्ति । "नेपाली राजमुकुट प्रजाका निमित्त नेपाली प्रजा राजमुकुटको निमित्त, राजा र प्रजा दुवै नेपाल र नेपालीको निम्ति हाम्रा सारा तन, मन, धन नेपालको

निम्ति'' राज्याभिषेकको पुनीत अवसरमा श्री ५ वीरेन्द्रबाट गरिबक्सेको यस प्रण र त्यागले नेपाली राष्ट्रियता अरू गौरवान्वित भएको छ । यस मूल मन्त्रलाई हामी छिनभरका लागि पनि बिर्सन सक्तैनौं। बिर्सनुको अर्थ हुन्छ नेपाल र नेपालीहरूलाई बिर्सनु।

सात सालअघि नेपाल विश्वमा सर्वथा अपरिचित थियो । केही मुलुकसँग मात्र यसको दौत्य सम्बन्ध कायम थियो । आज यसको विश्वका करीब ८० मुलुकसँग दौत्य सम्बन्ध कायम छ । संयुक्त राष्ट्र संघ र त्यस अन्तर्गतका अनेकौं निकायमा यसले जिम्मेवारीपूर्ण भूमिका सक्रियताका साथ खेल्न थालेको छ। अब कुनै पनि नेपालीले विश्वका कुनै पनि मुलुकमा गएर आफूलाई नेपाली भनेर चिनाउन कठिनाइ अनुभव गर्दैनन् । अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको इज्जत र प्रतिष्ठा बढ्दो छ । यसलाई शान्तिप्रिय मुलुक भनेर सबैले चिन्छन् । तर यो स्थिति बिना कुनै प्रयासले कायम हुन आएको होइन । यो उपलब्धि नेपाल र नेपालीले राजाको सक्रिय एवं गतिशील नेतृत्वको कारणले नै पाएका हुन् । विशेष गरी स्वर्गीय श्री ५ महेन्द्र र श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको

यस कार्यमा अथक प्रयास र परिश्रम परेको छ । स्वर्गीय श्री ५ महेन्द्रबाट नेपाललाई असंलग्न राष्ट्रका रूपमा विश्वमा परिचित गराइबक्स्यो भने श्री ५ महाराजाधिराज सरकारबाट नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भन्ने प्रस्ताव राखिबक्सेर नेपाल र नेपालीको शान्तिप्रियतालाई संस्थागत रूप प्रदान गरिबक्स्यो । परराष्ट्रनीतिको मामिलामा नेपालले पाएको अभूतपूर्व सफलता श्री ५ को गतिशील एवं सक्रिय नेतृत्वको अपूर्व देन हो ।

राजा सबैको साझा र राजाको सक्रिय नेतृत्व नहुँदो हो त नेपाली जनता अनेकौं वाद र सिद्धान्तमा बाँडिन पुग्थे । देश विकासका लागि आवश्यक जनशक्ति त्यसै खेर जान्थ्यो तर राजाको नेतृत्वमा आज नेपालीले राष्ट्रिय एकताको सूत्रमा बाँधिएर देश विकासको अभियानमा जुटने अवसर पाएका छन् । त्यसैले राजाको सक्रिय एवं गतिशील नेतृत्व देशको सर्वाङ्गीण विकासका लागि प्रमुख आधार हुन पुगेको छ ।

निर्दलीयता, वर्ग समन्वय र साझाको माध्यमबाट शोषणरहित समाजको स्थापना गर्ने पञ्चायत व्यवस्थाको मूल उद्देश्य राजाको नेतृत्वबाट मात्र सम्भव हुन्छ ।

राजाका लागि सबै प्रजा समान छन् । तेरो र मेरोको भेदले त्यहाँ चियाउन पनि सक्तैन । यसका विपरीत कुनै वाद वा सिद्धान्त विशेषमा आस्था र विश्वास राख्ने व्यक्तिको हातमा नेतृत्व पऱ्यो भने समाजमा वर्ग संघर्ष र कलहले जन्म लिन पुग्छ । कैयौं मुलुक यसका उदाहरण छन् । त्यहाँ वर्गीय स्वार्थका लागि रक्तपात, हिंसा, अशान्ति, अराजकता र कलहले टाउको उठाएका छन् । त्यस्ता राष्ट्रले अपार क्षति सहनु परेको छ । राजाको नेतृत्वको कारणले नेपालीले त्यस्तो दुर्भाग्यपूर्ण स्थितिको सामना गर्नु परेको छैन र अनादि-कालसम्म पनि पर्नेछैन ।

## पंचायत व्यवस्थाको उद्देश्य

# प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाजको सृजना

प्रत्येक राजनैतिक व्यवस्थाको एउटा निश्चित उद्देश्य भए झैं दलविहीन पञ्चायत व्यवस्थाले पनि एउटा निश्चित उद्देश्य प्रष्ट गर्नु स्वाभाविकै हो । यो व्यवस्था नेपाल र नेपालीकै हितको लागि सूत्रपात गरिएको हुँदा श्री ५ को गतिशील र सक्रिय नेतृत्वमा प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील र शोषणरहित समाज सृजना गर्नु नै यसको मुख्य उद्देश्य रहेको छ ।

हामीले हाम्रो समक्ष प्रजातान्त्रिक उद्देश्य राख्दा प्रजातन्त्रको कुन कुन पक्षलाई ध्यान दिएका छौं भन्ने कुरा पनि बुझ्नु पर्दछ । समस्त जनताको र राष्ट्रको सुख-सुविधाको लागि लिइने निर्णय र गरिने कार्यमा

सबै जनताको सक्रिय सहयोग स्वेच्छाले पाउन प्रजातान्त्रिक समाजमा मात्र सम्भव हुन्छ । हामीले प्रजातन्त्रकै आदर्शमा चल्ने समाज लक्ष्य गर्नुको कारण पनि हाम्रो सीमित स्रोत र साधन भएको मुलुकको विकासका लागि स्वेच्छाले सबै जनता सहभागी बन्न पाउने वातावरण रहोस् भन्नु नै हो ।

प्रजातन्त्रको लक्ष्य लोक सम्मतिमा आधारित प्रजाको हित हो । विश्वमा जसले पनि आफूलाई प्रजातन्त्रवादी भनी दावी गर्ने आजको वातावरणमा के भएमा प्रजातन्त्र हुन्छ र प्रजातन्त्रका कस्ता आधारहरू ठम्याएका छौं भनेर हामीले बुझ्यौं भने आफ्नो व्यवस्था किन र कसरी प्रजातान्त्रिक छ भन्ने कुरा हामी सगर्व अरूलाई पनि भन्न सक्दछौं ।

विश्वमा विशेषगरी जनताको राजनैतिक अधिकार नै मुख्य कुरा हो । यो अधिकार दिएपछि अरू कुरा गौण हुन्छ भन्ने तथा आर्थिक अधिकार नै मुख्य कुरा हो र यो दिएपछि अरू कुरा गौण हुन्छ भन्ने आधारमा अपनाइएका बहुदलीय उदारवाद र एकदलीय साम्यवादी व्यवस्था दुवैले आफूलाई प्रजातन्त्रवादी भनेर दावी गरेको पाइन्छ । पञ्चायत व्यवस्था एक दल वा बहुदलको साटो सबै जनताको हितको लागि सूत्रपात

गरिएको व्यवस्था हुँदा जनताको राजनैतिक तथा आर्थिक दुवै अधिकारको संरक्षण गर्न प्रजातान्त्रिक गुणलाई यसले अङ्गालेको छ। राजनैतिक स्वतन्त्रताको नाममा टाठाबाठा मात्र सम्पन्न हुँदै जाने र गरीब र पिछडिएका वर्ग झन् झन् गरीब हुँदै जाने व्यवस्थाको ठाउँमा गरीब र पिछडिएका वर्गको पनि जीवनस्तर उकास्दै सम्पन्न वर्गलाई पनि कानूनी प्रवन्धद्वारा शोषण गर्न नपाउने व्यवस्था गरी समाजमा समन्वय कायम गर्ने र आर्थिक स्वतन्त्रताको नाममा वर्गीय संघर्षलाई अनिवार्य गरेर जनताको राजनैतिक हकलाई गौण तुल्याउन खोज्ने अधिनायकवादी व्यवस्थाको ठाउँमा जनकल्याणकारी ऐन र वर्ग समन्वयको आधारमा सबै वर्गको हित गर्ने र जनताको राजनैतिक अधिकारको सुरक्षा गर्ने प्रजातान्त्रिक आदर्श दलविहीन पञ्चायत व्यवस्थाले अङ्गालेको छ ।

२०१७ सालमा स्व. श्री ५ महेन्द्रबाट सूत्रपात गरिबक्सेको दलविहीन पञ्चायत व्यवस्था राष्ट्रिय जनमत संग्रह मार्फत जनताद्वारा नै प्रजातान्त्रिक र राष्ट्रको लागि अत्यावश्यक व्यवस्था भनी अनुमोदन गरिनुको कारण पनि पञ्चायत व्यवस्थाले प्रजातन्त्रका राजनैतिक एवं आर्थिक पक्षमा कायम गर्न सकेको

सन्तुलन नै हो। चाहे राष्ट्रिय जनमत संग्रह होस्, चाहे वालिग मताधिकारको आधारमा सम्पन्न निर्वाचन होस्, प्रत्येक कुरा व्यापक जन-सहभागिताको आधारमा निर्विघ्न सम्पन्न हुनुले नै हाम्रो व्यवस्थाको प्रजातान्त्रिक आदर्श नेपाली जनजीवनमा भिजिसकेको प्रमाणित गरेको छ ।

मन्त्रिपरिषद्, राष्ट्रिय पञ्चायत र स्वतन्त्र न्यायपालिकाको व्यवस्थाले कार्यपालिका विधायिका र न्यायपालिकाको प्रजातान्त्रिक आधार पञ्चायत व्यवस्थामा एकातिर सुरक्षित भएको छ भने अर्कोतिर लोक सेवा आयोग, निर्वाचन आयोग, महालेखा परीक्षक, अख्तियार दुरूपयोग निवारण आयोग, पञ्चायत नीति तथा जाँचबुझ समिति जस्ताको व्यवस्थाले प्रजातन्त्रको नियन्त्रण र सन्तुलनको सिद्धान्त पनि पञ्चायत व्यवस्थामा पूर्ण रूपमा मर्यादित भएको पाइएको छ । अधिराज्यव्यापी रूपमा वडा तहदेखि राष्ट्रिय तहसम्म फैलिएका पञ्चायतका विविध निकाय, वर्गीय संगठन लगायत बेला-बेलामा विभिन्नस्तरमा हुने पञ्च भेला र स्वतन्त्र प्रेसको व्यवस्थाले पञ्चायत व्यवस्थामा प्रजातान्त्रिक परिपाटीहरू उन्मुक्त ढङ्गले परिचालित भइरहेको पुष्टि दिएको छ ।

पञ्चायत व्यवस्थाले प्रजातान्त्रिक मात्र हैन न्यायपूर्ण समाज पनि सृजना गर्न खोजेको छ । राष्ट्र सबैको साझा भएझैं राष्ट्रको विकासको प्रतिफल पनि सबै राष्ट्रवासीले अर्थात् मुलुकको प्रत्येक कुनाकन्दराका निवासीले पाउनु पर्दछ । यही नै सामाजिक न्यायको लक्ष्य पनि हो । विकास गर्दै जाने क्रममा केवल सुविधा सम्पन्न क्षेत्र वा वर्ग मात्र हैन, पिछडिएका र दुर्गम तथा अभावग्रस्त क्षेत्रको पनि पूरा ध्यान राख्ने उद्देश्यले विकास कार्यक्रमहरू सञ्चालन गरिरहनु पञ्चायत व्यवस्थाको लक्ष्य रहेको छ । विकासको प्रतिफल सबै क्षेत्र र जनतामा पुऱ्याउने आधारहरू कानून सम्मत नै हुनु पर्ने गरिएको हुँदा न्यायपूर्ण समाज सृजना गर्ने लक्ष्य राखिएको हो ।

पञ्चायत व्यवस्थाले प्रजातान्त्रिक र न्यायपूर्ण मात्र हैन गतिशील समाजको पनि सृजना गर्न खोजेको छ । जनताको इच्छा र आकाँक्षा तथा समयको माग अनुसार चल्न सक्ने गतिशील समाजको परिकल्पना गरेर पञ्चायत व्यवस्थाले मुलुकको सामाजिक, आर्थिक एवं अन्य गतिविधिहरू सधैं नै सामयिक हाँक स्वीकार गर्दै अगाडि बढ्न सक्षम तुल्याउने प्रयास गरेको छ ।

पञ्चायत व्यवस्थाले प्रजातान्त्रिक, न्यायपूर्ण, गतिशील मात्र हैन शोषणरहित समाजको पनि सृजना गर्न खोजेको छ । शोषणरहित समाजको सृजना भन्नाले समाजमा शोषण गर्ने आधार नै निर्मूल गर्ने परिकल्पना गरिएको हुन्छ । शोषण भन्नाले एक व्यक्ति वा वर्गले अर्को व्यक्ति वा वर्गलाई गरिने आर्थिक, बौद्धिक, सामाजिक वा अन्य प्रकारको शोषण हो । पूंजीपति र मजदूरबीच शोषणको कारणले अन्य मुलुकमा हुने संघर्ष जस्ता कुरालाई पञ्चायत व्यवस्थाले वर्ग-समन्वयको आधारमा कानूनी व्यवस्था गरेर नै पूंजी-पतिको शोषण वा मजदूरको विद्रोह जस्ता अवस्था आउन नदिई दुवै वर्गको क्षमता राष्ट्रविकासको लागि उपयोग गर्ने लक्ष्य राखेको छ । साझा र वर्गसमन्वयको आधारमा मुलुकको सामाजिक आर्थिक विकास गर्दै जाने पञ्चायत व्यवस्थाको लक्ष्यले विना झै-झगडा क्रमिक रूपमा शोषणरहित समाज सृजना हुने विश्वास गरेको छ ।

श्री ५ को सक्रिय एवं गतिशील नेतृत्वमा पञ्चायत व्यवस्था अन्तर्गत यसरी सृजना हुने प्रजातान्त्रिक, गतिशील, न्यायपूर्ण र शोषणरहित समाजको माध्यम-

बाट समस्त नेपालीले आफ्नो राष्ट्रियता निरन्तर बलियो पार्दै उन्नति र प्रगतिको दिशामा अगाडि लम्किरहन सक्नेछन् ।

# पञ्चायत व्यवस्थाको माध्यम र प्रक्रियाः
## निर्दलीयता

पञ्चायत व्यवस्थालाई दलविहीन व्यवस्था भनी नामाकरण गर्नुमा आफ्नो राष्ट्रिय अनुभव र यथार्थता नै विशेष कारण रहेको छ । २००७ सालको प्रजातन्त्र पश्चात्का र २०१५ सालको आम निर्वाचनपछिका पनि कुल १० वर्षको अवधिमा नेपालले विभिन्न राजनैतिक दलहरूको गतिविधिबाट (क) नेपालका नेपालीलाई विभिन्न वादको आधारमा र त्यही वादको संख्यात्मक गणना बढी देखाउने उद्देश्यले जनतालाई भाषा, भेष, जाति, सम्प्रदाय र धर्मको आधारमा स्थायी रूपले विभाजन गर्ने प्रयास भएको, (ख) राष्ट्रिय एकताको र अस्तित्वको लागि आवश्यक वातावरण सृजना गर्नुको साटो वैदेशिक विचारको प्रभाव र दलीय सम्पर्कका

कारणहरूबाट राष्ट्रिय सार्वभौमिकतामा नै आँच आउन सक्ने वातावरण हुर्केको तथा (ग) दलीय दलदलको स्थायी खिचलोबाट राष्ट्रको विकाससमेत हुन नसकेको तथ्य प्रष्ट भएको हो । समस्त राष्ट्रिय शक्तिलाई नेपाल र नेपालीको सर्वोत्तम हितको लागि परिचालन गर्न सबैको विश्वास प्राप्त नेतृत्व,कार्यक्रम र दृढतासाथ मात्र अगाडि बढ्न सकिने हुँदा स्व. श्री ५ महेन्द्रबाट पञ्चायत व्यवस्थाको परिकल्पना गरिबक्संदा दलविहीन राजनैतिक अवस्था पनि एक अनिवार्य तत्त्व ठहऱ्याई बक्सेको हो ।

एक दल वा बहुदल अपनाई आएका तर प्रजातन्त्र-लाई आ-आफ्नो खालले व्याख्या गर्दै आएका र यिनै व्याख्यालाई मूलमन्त्र ठान्नेहरूले निर्दलीयतामा प्रजा-तान्त्रिक गुण हुन सक्दैन भन्ने भ्रम पहिले पनि र अहिले पनि पालेकै छन् । बेलायतजस्तो प्रजातन्त्रको आमा मानिने मुलुकमा पनि प्रजातन्त्रको विकास हुँदा दलको अवस्था थिएन । प्रजातन्त्र भन्ने कुरा हाम्रो सोचाइ र आचरण तथा अन्य प्रजातान्त्रिक चरित्र अभ्यास गर्ने वातावरण भए नभएको कुरामा आधारित हुन्छ, दल हुनु वा नहुनु नै यसको मुख्य विशेषता होइन ।

पञ्चायत व्यवस्थाले निर्दलीयता अङ्गाल्नुको मतलब राजनैतिक नीति, उद्देश्य र कार्यक्रमको अभाव हुने वातावरण अङ्गाल्नु हैन । पञ्चायत व्यवस्थाले श्री ५ को सक्रिय एवं गतिशील नेतृत्वमा प्रजातान्त्रिक न्यायपूर्ण गतिशील र शोषणरहित समाजको स्थापना गर्ने जुन राजनैतिक लक्ष्य लिएको छ, निर्दलीयतामा विश्वास गर्ने तमाम पञ्च वा राजनैतिक कार्यकर्ताले यही लक्ष्यको प्राप्तिका लागि आफूलाई समर्पित गरिरहेको हुन्छ । नेतृत्व, नीति र कार्यक्रममा नअल्मलिइकनै पनि आफ्नो राष्ट्रको स्वतन्त्रता र सार्वभौमिकता बचाई सर्वाङ्गीण प्रगति गर्न सकिने राजनैतिक नीति र कार्यक्रम पञ्चायत व्यवस्थाले दलविहीनताको आधारमा सोच्नुले वास्तवमा निर्दलीयता स्वयं नै पञ्चायत व्यवस्थाको मौलिक विशेषता हुन पुगेको छ । दलहरूको गतिविधिबाट देखिने दुर्गुणलाई पन्छाई मुलुकको राजनैतिक, आर्थिक एवं सामाजिक नीति निर्धारण गर्न र तिनलाई कार्यान्वयन गर्नमा समेत समस्त जनताको सहभागिता होस् भन्ने उद्देश्यले पञ्चायत व्यवस्थाले मुलुकमा एउटै नेतृत्व, विचार र कार्यक्रमको आधारमा अगाडि बढ्न सक्ने, वडादेखि राष्ट्रिय तहसम्मका पञ्चायत निकायहरूको व्यवस्था गरेको छ । यिनै निकायहरूमार्फत

जनताले आ-आफ्नो विचार खुल्ला रूपले प्रकट गर्छन्, छलफल गर्छन र राष्ट्रिय हितको लागि आवश्यक निर्णयमा पुग्छन् । निर्दलीयताको आधारमा हुने यस्ता प्रजातान्त्रिक छलफल र अभ्यासमा कुनै पनि कुरा गुण-दोषको आधारमा आलोचना वा सऱ्हाहना हुने गर्दछ । पद वा सत्तामा भएकालाई विरोधै गर्नु पर्ने वा उनीहरूले गरेको गल्तिलाई पनि दलीय अनुशासनको नाममा समर्थन गर्नु पर्ने वाध्यता निर्दलीय व्यवस्थामा हुँदैन । विभिन्न वर्गको स्वार्थ पनि व्यवस्थामा संरक्षित होस् र व्यवस्थाको कार्यक्रममा पनि सबै वर्गको सह-भागिता जुटाउन सकियोस् भनी कायम गरिएका वर्गीय संगठन र वर्गीय संगठनको सदस्य बनेर मात्र पञ्चायतको कुनै निकायमा भागलिन पाउने व्यवस्थालाई अनिवार्य गरेर निर्दलीयताको माध्यमबाट समस्त जनता-को सक्रियता राष्ट्रको सर्वाङ्गीण हितकै निम्ति प्रयोग गर्ने पञ्चायत व्यवस्था सक्षम रहेको पुष्टि हुन्छ । पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएका विभिन्न जात, भेष, भाषा, धर्म र सम्प्रदायका नेपालीलाई श्री ५ को सक्रिय एवं गतिशील नेतृत्वको आधारमा अगाडि बढ्ने पञ्चायत व्यवस्थाको राजनैतिक क्षमताको विश्वास हुनुमा निर्दलीयताको पनि विशेष महत्त्व रहेको

कुरा अस्वीकार गर्न सकिन्न। राष्ट्रिय जनमत संग्रहको माध्यमद्वारा दलविहीन पञ्चायत व्यवस्था रोजेर नेपाली जनता प्रजातन्त्रको सच्चा आदर्श बुझ्न, अभ्यास गर्न र राष्ट्र एवं राष्ट्रिय अस्तित्व र सार्वभौमिकताको लागि के कसो गर्दा हित हुन्छ भन्ने कुरामा सघाउ पुऱ्याउन सक्षम रहेको कुरा प्रमाणित भएको छ ।

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL
8548

## वर्ग समन्वय

नेपाल एकीकरणपछि श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट दिव्य उपदेशमा नेपाललाई 'चार वर्ण छत्तीस जातको फूलवारी' हुकुम हुनुबाट नै नेपाली जनता जुनसुकै जात, भाषा, भेष, धर्म र संस्कृति अन्तर्गतका भएपनि ती सबभन्दा पहिले एउटै फूलवारी-मा फुलेका फुल अर्थात् नेपाली हुन् ।

नेपाली जनतामा धर्म, भाषा, संस्कृति र जातलाई लिएर कहिल्यै कलह उत्पन्न भएन, हो अन्धविश्वास र कुरीतिले गर्दा छुवाछुतको प्रथा त्यहाँ अझै केही मात्रामा होला, तर शैक्षिक जागरण र राजनैतिक चेतनाको विकासका साथ-साथै यस्ता कुरीतिहरू छिटो छिटो समाप्त हुँदैछन् र विभिन्न जात-जातिका बीच वर्ग

संघर्ष होइन समन्वय नेपालको आफ्नै विशिष्टता हो। एक जाति वा वर्ग अर्को जाति वा वर्गको पूरकका रूपमा यहाँ प्राचीन कालदेखि नै रही आएको छ। यस सामाजिक परम्परालाई वाद वा सिद्धान्तका आधारमा फुटाएर संघर्षको स्थिति सिर्जने प्रयास पनि यहाँ भए, तर, ती सफल हुन सकेनन्।

नेपालमा वर्ग समन्वयको मूल आधार प्राचीन कालदेखि नै राजसंस्थाको सक्रिय नेतृत्त्व रही आएको छ। शाहवंशीय राजाहरूको समयमा यो विशेष रूपले विकसित हुन पुग्यो। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट काठमाडौं उपत्यका विजय गरिबक्सेपछि यसैलाई आफ्नो राजधानी बनाउने निर्णय वर्ग समन्वयको ज्वलन्त उदाहरण थियो। यदि नेपालीमा वर्ग समन्वयको भावना नहुँदो हो त राष्ट्रिय एकीकरणको अभियान सफल हुन सक्तैनथ्यो, भइहाले पनि त्यो दिगो रहन सक्तैनथ्यो। विश्वका केही मुलुकले वर्ग संघर्षको बाटो अपनाए तिनले छिटो आर्थिक विकास गरेको पनि देखियो। तर नेपाली जनताले हिंसाको बाटोलाई कहिल्यै रूचाएनन्। दुई सय वर्षअघि नै कुन व्यक्तिलाई कज्याई दिने भन्ने

द्विविधा पर्दा राजाले जनताको चाहना बुझेको कुरा यहाँ उल्लेखनीय छ । नेपालमा राजा जहिले पनि जनपक्षीय रहेको छ । यस अवस्थामा वर्ग संघर्षको सवालै उठ्दैन । जब देशका सम्पूर्ण जनता एउटै सर्वमान्य नेतृत्वको छहारीमुनि रहन्छ त्यहाँ वर्ग समन्वय स्वतः कायम हुन जान्छ । सात सालदेखि सत्र सालको अवधिमा देशले दलगत राजनीतिलाई अंगाल्यो त्यस बेला नेपाली जनता विभिन्न सिद्धान्त र वादमा बाँडिन पुगे । त्यही क्रम अरू केही वर्ष रहँदो हो त वर्ग संघर्ष, हिंसा, रक्तपात सामान्य कुरो हुन पुग्थ्यो । त्यस अवस्थामा नेपालीको के गति हुन सक्थ्यो, त्यसको कल्पना सजिलै गर्न सकिन्छ ।

सत्र साल पुस १ गतेको कदमले देशमा दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको सूत्रपात गर्‍यो । नेपालमा संभावित वर्ग संघर्ष सधैंका लागि टर्‍यो । नेपाल र नेपालीका लागि स्वर्गीय श्री ५ महेन्द्रको यो ठूलो देन थियो भन्ने कुरा आज आएर अरू छर्लङ्ग भएको छ । श्री ५ को सक्रिय एवं गतिशील नेतृत्व नहुँदो हो र नेपालीले वर्षामा च्याउझैं उम्रने राजनैतिक दल र तिनका नेताको पछि लाग्नु पर्ने अवस्था आएको भए हामीले राष्ट्रिय एकताको कुरा गर्नु नै फजुल

हुन्थ्यो । देशको सार्वभौमसत्तामा नै आँच आउन सक्थ्यो ।

नेपाली जनता स्वभावैले प्रजातन्त्रप्रेमी छन् । नेपालमा राजा सधैं प्रजाप्रेमी रही आएका छन् । केही मुलुकले वर्ग संघर्षको माध्यमबाट सफलता हासिल गरेपनि नेपालीका लागि त्यो बाटो आकर्षक कहिल्यै भएन । विकास र हिंसा अथवा संघर्ष आपसमा मेल नखाने विषय हुन् हामी शान्तिपूर्ण उपाय अवलम्बन गरेर आर्थिक विकासका लक्ष्यहरू हासिल गर्न कटिबद्ध छौं। पञ्चायत व्यवस्थाले कल्पना गरेको शोषणरहित समाज वर्ग समन्वय, आपसी समझदारी र मेलमिलापको माध्यमद्वारा नै हासिल गर्न सकिन्छ। झट्ट हेर्दा समाजमा व्याप्त आर्थिक विषमता समन्वयको आधारमा हट्न सक्तैन कि भन्ने देखिन्छ । तर यो भ्रम हो । सम्पन्न वर्गलाई केही त्याग गर्न र विपन्न वर्गलाई माथि उठाउन राज्यले नै आवश्यक व्यवस्था मिलाउने हुनाले आर्थिक विषमतालाई समन्वयका आधारमा नै समाप्त पार्दै लान सकिन्छ। नयाँ मुलुकी ऐन र भूमिसुधार कार्यक्रम जस्ता क्रान्तिकारी कदम यसका राम्रा उदाहरण हुन् । धनीले राज्यले उठाएका जनपक्षीय कदमको संगठित

रूपले विरोध गर्न पर्ने स्थिति नै आउन नदिने र किसान तथा श्रमिकले बढी सुविधाका लागि संघर्ष गर्न पर्ने स्थिति उत्पन्न हुन नदिने वर्ग समन्वयको मूल आधार हो। विगत २२ वर्षका अवधिमा अनेकौं पल्ट जटिल समस्याहरू यही समन्वयका आधारमा सुल्झाइएको छ। दलगत व्यवस्था भएको भए यसो हुन सम्भव थिएन।

# विकेन्द्रीकरण

दलविहीन प्रजातान्त्रिक पञ्चायत व्यवस्थाको विशेषताहरूमध्ये यसले विकेन्द्रीकरणको सिद्धान्तलाई अङ्गाल्नु पनि हो । प्रशासन र न्यायपालिकालाई छिटो, सरल र कम खर्चिलो बनाउन विकेन्द्रीकरण सबभन्दा प्रभावकारी माध्यम ठहरिन्छ । त्यस्तै विकास र निर्माणका कार्यमा यसले जनसहभागितालाई बढावा दिने मात्र होइन कम खर्चमा ठूलाठूला उपलब्धि हासिल गराउन अभिन्न सहयोग पनि पुऱ्याउँछ ।

गाउँ र नगर पञ्चायतले आफ्नो इलाकाका सामान्य दैनिक प्रशासन चलाउन थालेपछि अथवा साना–तिना मुद्दा-मामिला गाउँ-ठाउँमै छिन्ने परिपाटी चलेपछि यसका निम्ति स्थानीय जनताले श्रम, समय र धन खर्च गरेर जिल्ला सदरमुकाम र राजधानी धाइरहनु पर्ने स्थितिको अन्त्य हुन सक्छ । गाउँ घरका समस्या

त्यहाँका जनतालाई नै थाहा हुन्छ । साधारण मुद्दामा समेत वर्षौं तारिख पर्दा जनशक्ति समेत बरबाद हुन जान्छ । त्यसैले स्थानीय पञ्चायतहरूलाई साना-तिना मुद्दा-मामिला छिन्ने अधिकार दिइनु हरेक दृष्टिले लाभदायक हुन्छ । नेपालमा यो परिपाटी ज्यादै पुरानो हो र पञ्चायत व्यवस्थाले यसलाई संस्थागत रूपमात्र प्रदान गर्न खोजेको छ ।

विकास र निर्माणका लागि विकेन्द्रीकरण अत्यन्त प्रभावकारी माध्यम मान्नै पर्छ । गाउँ घरको आवश्यकता अनुसारका साना-तिना आयोजना सञ्चालन गर्ने अभिभारा त्यहींका जनतालाई सुम्पनु प्रत्येक दृष्टिले उपयुक्त हुन आउँछ । थोरै अनुदानबाट धेरै काम भएका उदाहरण प्रशस्त भेटिन्छन् । यसबाट गाउँघरको जनतामा हामी उपेक्षित छैनौं भन्ने भावना उत्पन्न हुने मात्र होइन आफ्नो क्षेत्रको विकास आफ्नै प्रयासबाट सम्भव हुन्छ भन्ने सकारात्मक सोचाइ समेत विकसित हुन सक्छ । गाउँघरको बाटो-घाटो, पुल-पंधेरो, विद्यालय र स्वास्थ्य चौकी भवन देशभर नै जन-सहभागिताबाट निकै कम लागतमा तयार भएका उदाहरण प्रशस्त भेटिन्छन् ।

साधारण कामको लागि पनि केन्द्र धाउन पऱ्यो भने गाउँको छिटो विकास हुन सक्तैन । साथै यस किसिमको अवस्थामा स्थानीय नेतृत्त्वले फस्टाउने अवसर पनि पाउन सक्तैन । केन्द्रको काम बाटो देखाई दिने, आवश्यक साधन जुटाई दिने मात्र हो । आयोजना बनाउने, त्यसलाई कार्यान्वयन गर्ने सबै अभिभारा स्थानीय निकायहरूमै सुम्पिएपछि त्यसप्रति जनतामा यो आफ्नै हितका लागि हो भन्ने भावना उत्पन्न हुन्छ र त्यसलाई समयमै सम्पन्न गर्ने गराउने दायित्व र जिम्मेवारी उनीहरूले बुझ्छन् ।

गाउँघरको विकास नभई नेपालको विकास हुन सक्तैन । यो सबैले मानेकै कुरा हो । त्यस्तै ग्रामीण जनता आफै अग्रसर नभई त्यहाँको विकास हुन सक्दैन । विकेन्द्रीकरणकै माध्यमबाट हामी राजनैतिक, आर्थिक र सामाजिक क्षेत्रमा चाहिँदो उन्नति र प्रगति हासिल गर्न सक्छौं । स्थानीय निकायहरूलाई अधिकार र जिम्मेवारी सुम्पेपछि स्वभावतः त्यसमा जनताको सक्रिय सहभागिता प्राप्त हुन थाल्छ । त्यस अवस्थामा प्रशासनको सहयोग पनि स्थानीय निकायलाई प्राप्त हुन पर्ने वातावरण आउँछ । विकेन्द्रीकरण यसरी नै कार्य रूपमा परिणत हुन थाल्छ ।

विकेन्द्रीकरणको सिद्धान्त पूर्ण रूपले कार्यान्वित भएपछि हाम्रा ग्रामीण क्षेत्र धेरै सक्षम आत्मनिर्भर स्वावलम्बी हुनेछन् । काम र मामको खोजीमा गाउँ छाडेर अन्त जाने प्रवृत्तिको पनि अन्त्य हुनेछ । त्यसै खेर जाने जनशक्ति उत्पादन कार्यतर्फ अग्रसर हुन थालेपछि आज शहर र गाउँका बीच देखापरेका विषमता अथवा सुविधा र सहुलियतको फरक पनि मेटिंदै जाने निश्चित छ । ग्रामीण क्षेत्रमा पाइने साधन, स्रोत र सीपको उचित परिचालन गरी त्यहाँका जनताको जीवनस्तर उकास्ने महान अभिप्रायले नै यस व्यवस्थाले विकेन्द्रीकरणलाई बढी महत्त्व दिएको हो भन्ने कुरा बिर्सिइनु हुन्न ।

आर्थिक क्षेत्रमा जहाँ यसले स्वावलम्बन र आत्मनिर्भरतालाई व्यवहारमा परिणत गर्छ, त्यहीं राजनीतिक क्षेत्रमा विकेन्द्रीकरण प्रजातन्त्रको सबभन्दा राम्रो नमूना हो । स्थानीय समस्याहरू आपसी छलफलद्वारा समाधान गर्ने गाउँघरको हित र भलाइमा पूर्ण रूपले समर्पित व्यक्तिहरूलाई आफ्नो प्रतिनिधि राख्ने जस्ता क्रियाकलापले एकातिर प्रजातन्त्रलाई तलबाटै बलियो तुल्याउंदै लैजाने प्रक्रिया शुरू हुन्छ भने अर्कोतिर यसले स्थानीय नेतृत्वको विकास गरी

जनप्रतिनिधिहरूलाई आफ्नो जिम्मेवारी र उत्तरदायी बहन गर्न पर्ने परिस्थिति पनि सिर्जन्छ। जनउत्तर-दायित्व र जिम्मेवारी बहन गर्नु पर्ने विषयलाई संस्थागत रूप प्रदान गर्न सक्छ ।

निश्चय नै विकेन्द्रीकरणले सोचिए जस्तै तुरून्तै देशव्यापी रूप लिन नसक्ला तर क्रमिक रूपमा यसलाई लागू गर्दै जाँदा यसका सकारात्मक परिणामहरू पनि क्रमशः आउन थाल्नेछन् र अन्ततोगत्वा यो जनजीवनको अभिन्न अङ्ग बन्न पुग्नेछ ।

# साझा

साझा भनेको सहकारी आन्दोलनकै एक नेपाली रूप हो। नेपालमा प्रजातन्त्रको उदयपछि अपनाइएको सहकारिता नै विकसित र परिस्कृत हुँदै आज साझाको रूपमा देखिन आएको छ ।

२००७ सालदेखि २०१७ सालको अवधिमा सहकारिता आन्दोलन प्रारम्भिक विकासकै अवस्थामा रहेको देखिन्छ। २०१७ सालको परिवर्तनले अपनाएको दलविहीन पञ्चायती व्यवस्थाको राजनैतिक ढाँचा अनुरूपको पूरक अर्थ व्यवस्था अपनाउने क्रममा साझाको महत्त्व निकै बढेको हो। व्यवस्थाका मुख्य लक्ष्यहरूको प्राप्तिका लागि साझालाई नै प्रमुख माध्यमको रूपमा स्वीकार गर्ने सोचाइको विकास यस अवधिमा हुँदै आएकोले साझाको महत्त्व अझ बढ्दै गएको हो।

उपर्युक्त क्रमलाई अगाडि बढाउँदै संविधानको तेस्रो संशोधनले साझालाई पञ्चायत प्रणालीको निर्देशक सिद्धान्तहरू अन्तर्गत व्यवस्थाको मूल लक्ष्य अनुरूपको समाजको सृजना गर्नको लागि साझा संस्थाहरूलाई नेपालको उद्योग तथा व्यापार नीतिको आधारशीलाको रूपमा स्वीकार गरेको छ ।

कृषि प्रधान नेपालको अर्थ व्यवस्था अन्तर्गत समाजको तल्लो तहमा रहेका बहुसंख्यक जनतालाई देश विकासमा सक्रिय सहभागी बनाई माथि उकास्ने कार्य साझाको माध्यमबाट मात्र सम्भव छ । पूंजी, प्रविधि र सीपको दृष्टिले पिछडिएको हाम्रो समाजमा साझाको माध्यमले विकास गर्नु नै सामयिक देखिन्छ ।

समाजमा पिछडिएका गरीब र शोषित जनताको सामाजिक, आर्थिक एवं नैतिक प्रगति साझा अभियानबाट सम्भव छ । पिछडिएका जनतालाई चेतनशील बनाई समता र प्रजातान्त्रिक आधारमा गठित साझा संस्थाको विकास र स्वेच्छाले तिनलाई सदस्य बनाई सञ्चालन गर्न सकेमा हाम्रो समाजमा प्रभावकारी परिवर्तन ल्याउन सकिन्छ । यस्ता संस्थाहरूको गठन हाम्रो अर्थ व्यवस्थाको विभिन्न क्षेत्रमा आवश्यकता

अनुसार गर्न सकिन्छ। यसप्रकार गरिने संगठन-हरू एक उद्देश्यीय वा बहुउद्देश्यीय दुवै प्रकार हुन सक्तछन् ।

हाम्रो समाजमा सम्पन्न र विपन्नवर्गका बीच कायम रहेको विषमतालाई वर्गसमन्वयको आधारमा क्रमशः कम गर्दै जाने एक सशक्त माध्यमको रूपमा साझालाई विकसित गर्न सकिन्छ ।

वर्गसमन्वयको सिद्धान्त अनुरूप कुनै व्यक्ति वा वर्गविशेषको एकाधिकारलाई नियन्त्रित गरी सर्व-साधारण जनतालाई विकासमा सहभागी बनाउने र विकासको फलमा समेत न्यायोचित ढङ्गबाट साझेदार बनाउने माध्यमको रूपमा साझाको विकास गराउन सकिन्छ ।

विभिन्न वर्गहरूको हितसँग नबाझ्ने गरी निजी क्षेत्र, सार्वजनिक क्षेत्र तथा पञ्चायत क्षेत्रहरूका बीच पारस्परिक सामञ्जस्य र सहयोग स्थापित गर्दै एक पूरकको रूपमा साझाले हाम्रो अर्थ व्यवस्थामा राम्रो भूमिका खेल्न सक्ने प्रशस्त सम्भावना छ ।

निजी र सार्वजनिक क्षेत्रका ठूला उद्योग र व्यव-सायहरूका साथै संस्थानहरूका समेत एक पूरक वितरकको

रूपमा साझालाई विकसित गर्न सकिन्छ । यसप्रकार साझालाई अर्थ व्यवस्थाको विभिन्न क्षेत्रहरूबीच सामन्जस्य र सन्तुलन ल्याउने एक प्रभावकारी माध्यम बनाउन सकिन्छ ।

ग्रामीण अर्थ व्यवस्थाको आधुनिकीकरण र समुन्नतिमा साझाको महत्त्वपूर्ण योगदान हुन सक्छ । साझा संस्थाहरूको प्रभावकारी सञ्चालनबाट परम्परागत ग्रामीण समाजलाई नौलो चेतना र स्फूर्ति प्रदान गरी स्थानीय आधारमा पूंजीको सङ्कलन र उन्नत प्रविधिको स्थानान्तरबाट उत्पादनमा वाञ्छनीय वृद्धि गर्न सकिन्छ । अर्कोतिर हाम्रो समाजको एक ठूलो अभिशापको रूपमा कायम रहेको ऋणग्रस्त सामान्य जनतालाई मुक्ति दिलाउनमा पनि साझाको राम्रो योगदान हुन सक्दछ । साझाकै माध्यमबाट ग्रामीण क्षेत्रमा कुटीर एवं लघु उद्योगको विकास गरी कृषि क्षेत्रमा रहेको वेरोजगारीलाई धेरै हदसम्म समाधान गरी ग्रामीण जनताको आम्दानीमा वृद्धि गर्न सकिन्छ । समाजमा रहेका कालिगढ, शिल्पी र दस्तकारहरूले साझाबाट राम्रो संरक्षण र प्रोत्साहन पाउन सक्छन् ।

सारांशमा कृषि, उद्योग यातायात र सञ्चारका सबैजसो क्षेत्रमा साझाको विस्तार गरी उत्पादन उप-

भोग, विनिमय र वितरण जस्ता समस्त आर्थिक क्रियाकलापहरूलाई साझाको परिधिभित्र ल्याउन सकिन्छ ।

हामीले अपनाएको दलविहीन पञ्चायती व्यवस्था अनुरूप सामन्तवादी, पूंजीवादी तथा समाजवादी व्यवस्था नकारात्मक पक्षहरूबाट जोगिएर विकास गर्ने बाटो साझाको माध्यमबाट मात्र पैल्याउन सकिन्छ । तसर्थ हाम्रो राष्ट्रिय सन्दर्भमा अर्थ व्यवस्थाको जति बढी क्षेत्रहरूमा साझा पद्धतिको विस्तार र सुदृढीकरण गर्न सकिन्छ त्यत्तिकै मात्रामा व्यवस्था अनुरूपको समाज निर्माण गर्न हामी सफल हुन सक्नेछौं ।

हाम्रो राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्नका लागि एक दिगो र स्वावलम्बी अर्थ व्यवस्थाको निर्माण एक पूर्व शर्तको रूपमा रहेको छ । यस्तो अर्थ व्यवस्थाको निर्माण साझाकै बाटोबाट हुन सक्छ भन्ने कुरामा कुनै सन्देह छैन ।

# विकासका लागि राजनीति

प्रत्येक राष्ट्रको आफ्नै किसिमका सामाजिक आर्थिक बनोट र सोही अनुरूपका समस्याहरू हुन्छन् । आफ्ना समस्याहरूको समाधान गर्ने उद्देश्यले ती राष्ट्रहरूले आफ्नो वस्तुगत स्थितिसँग मेल खाने गरी सामाजिक, राजनैतिक एवं आर्थिक कार्यक्रमहरूको एकीकृत रूपमा योजना बनाई कार्यान्वयन गर्ने गर्दछन् ।

नेपालले पनि आफ्नो सन्दर्भमा आफ्नै व्यवस्थाको विकास गर्दै आएको छ । नेपालको विशेष भू-राजनैतिक स्थितिले आफ्नै किसिमका राष्ट्रिय समस्याहरू तेर्साएको छ । यी समस्याहरूमध्ये आफ्नो राष्ट्रियता जोगाउने समस्या नै सबैभन्दा महत्त्वपूर्ण छ । नेपालको स्वतन्त्र अस्तित्व जोगाई राख्नको लागि यस सन्दर्भमा विकास नै एक सर्वाधिक महत्त्वको विषय रहन गएको छ ।

बेग्ला बेग्लै खालको पद्धति अपनाइएका छिमेकी राष्ट्रहरूको बीच रहेको नेपालले द्रुतगतिले विकास गरी र आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न जरूरी छ किनभने एक आधुनिक समुन्नत र स्वावलम्बी राष्ट्रको रूपमा मात्र नेपालको स्वतन्त्रता कायम रहन सक्छ ।

उपर्युक्त कुराहरूबाट प्रेरित भएर नै दलविहीन पञ्चायती व्यवस्थाको प्रादुर्भाव भएको छ । राज-मुकुटको नेतृत्वमा समस्त नेपाली एक भई राष्ट्र निर्माणमा भाग लिन सकून र नेपाललाई सक्दो छिटो विकसित देशहरूको दाँजोमा पुऱ्याउन सकियोस् भन्ने उद्देश्यले स्व. श्री ५ महेन्द्रबाट यस व्यवस्थाको स्थापना गरी बक्सेको हो । अर्को शब्दमा विकासको क्रममा नेपाली समाजको अविछिन्न एकता कायम राखी आफ्नो ऐति-हासिक एवं साँस्कृतिक परम्परा एवं आर्थिक आवश्यकता अनुरूपको राजनैतिक पद्धतिको विकास गर्ने उद्देश्यबाट पनि यो व्यवस्था ल्याइएको हो । विगत दुई दशकको अवधिमा यस व्यवस्थाले नेपाली जनजीवनमा जरो गाडी सकेको छ । यस अवधिमा राजनैतिक स्थिरता, शान्ति सुव्यवस्था, भावनात्मक एकता कायम हुन गई आवश्यक सामाजिक परिवर्तनहरू हुँदै आएका छन् ।

०३७ सालमा सम्पन्न भएको राष्ट्रिय जनमत संग्रहले वर्तमान सन्दर्भमासमेत व्यवस्थाको औचित्यलाई लोकसम्मतिद्वारा पुष्टि गरेको छ । राष्ट्रिय निर्माणको मार्गलाई यसले अझ बढी प्रष्ट गरेको छ ।

अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालले अपनाएको असंलग्न परराष्ट्रनीतिले एकातिर विकासका लागि चाहिने शान्तिको स्थापना गर्नमा मद्दत पुऱ्याएको छ भने अर्कोतिर यसले ठूलो मात्रामा अन्तर्राष्ट्रिय सहयोगको क्षेत्र बढाई हाम्रो राष्ट्रिय निर्माणलाई ठूलो टेवा दिएको छ। श्री ५ वीरेन्द्रबाट राखी बक्सेको नेपाललाई शान्ति क्षेत्र बनाउने प्रस्तावले हाम्रो विकासको चाहना-लाई टड्कारो रूपमा देखाएको छ ।

नेपालको परिप्रेक्ष्यमा विकास एक कठिन चुनौतीको रूपमा रहेको छ। भू-परिवेष्ठित अवस्था, परम्परागत समाज, पिछडिएको प्रविधि र कठिन भौगोलिक स्थितिले विकासको प्रश्न साँच्चिकै हाँकपूर्ण हुन आएको छ। त्यसमाथि उर्लिंदो जनसंख्याको चाप र पूंजीको कमीले हाम्रो समस्यालाई अझ बढी चर्काउँदै लगेको छ।

वर्तमान सन्दर्भमा देखा परेको पारवहन सुविधाको कमी, निर्माण सामग्री र खनिजको अकासिंदो मूल्य र

अपर्याप्तता, ऊर्जा संकट र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मुद्रास्फितिहरू हाम्रो विकासमा प्रमुख अवरोधको रूपमा देखिन आएका छन् ।

उपर्युक्त भौतिक समस्याहरूका अतिरिक्त हाम्रो विकासको मार्गमा हाम्रो परम्परागत दृष्टिकोण र प्रचलित व्यवहारहरू अर्को ठूलो बाधाको रूपमा रहेका छन् । विकास भनेको मात्र एक भौतिक समस्या नभई एक मानवीय समस्या पनि हो भन्ने आधारमा हामीले स्थितिको वास्तविक मूल्याङ्कन गर्नुपर्दछ ।

विकास गर्ने क्रममा परम्परागत समाजबाट आधुनिकीकरणतर्फ लम्किने प्रक्रिया अन्तर्गत प्रचलित सामाजिक सम्बन्ध र उत्पादनका प्रविधिका साथै प्रचलित सामाजिक मूल्य र मान्यताहरूका समेत तीव्रगतिले परिवर्तन हुन्छ । यस्तो संक्रमण कालमा विशेष प्रयत्न र सतर्कताको आवश्यकता पर्दछ ।

उपर्युक्त तथ्यहरूलाई हृदयङ्गम गरी एकीकृत रूपमा दलविहीन पञ्चायती व्यवस्था र सोही अनुरूपको अर्थ व्यवस्था अपनाइएको छ ।

व्यवस्थाको लक्ष्य अनुरूप विकासको आवश्यक पूर्वाधारका रूपमा एकातिर शिक्षा, स्वास्थ्य, यातायात

र परिवर्तनको विकास गरिएको छ भने अर्कोतिर आधुनिकीकरणका लागि चाहिने सामाजिक आर्थिक पृष्ठभूमि तयार पार्ने उद्देश्यले मुलुकी ऐन, रजौटा उन्मूलन, भूमिसुधार, विकेन्द्रीकरण जस्ता कार्यक्रमको संचालन गर्नुका साथै साझाको विकास गराउन प्रयत्न पनि गरिंदै आएको छ। यसको अतिरिक्त विभिन्न अन्य संस्थात्मक सुधारहरू पनि पूरक कारवाहीको रूपमा गरिंदै आएका छन्।

देशको आवश्यकता अनुरूप विकास परिषद्को गठन, सन्तुलित विकास नीतिको तर्जुमा, विकास क्षेत्रको विभाजन, प्रादेशिक योजनाको कार्यान्वयन र नयाँ औद्योगिक नीति आदिलाई सही दिशामा चालिएको कदम मान्न सकिन्छ।

यस अवस्था अन्तर्गत संस्थाहरूको सेवा सामान्य जनताको घर दैलोसम्म पुऱ्याउने र जनताको आवश्यकता पूरा गर्ने दृष्टिकोण लिइएको छ।

प्रभावकारी राष्ट्रिय विकास राष्ट्रिय एकता र व्यापक जनसहभागिताबाट मात्र सम्भव छ।

उपर्युक्त उद्देश्यको पूर्तिका लागि व्यवस्थाको सबैभन्दा तल्लो तहको इकाई गाउँ पञ्चायतलाई समेत

सक्षम र स्वावलम्बी बनाउने उद्देश्यले विकेन्द्रीकरणको योजना अझ प्रभावकारी ढङ्गबाट लागू गरिंदैछ । अर्कोतिर पञ्चायतको क्षेत्रलाई अझ बढी व्यापक र साधन सम्पन्न बनाउने कार्य पनि भइरहेको छ ।

दलविहीन पञ्चायती व्यवस्थाको सिद्धान्तले व्यापक राष्ट्रिय दृष्टिकोण र राष्ट्र निर्माणको सर्वोपरि उद्देश्य राखेको छ । यसको राजनीति कुनै वाद वा दलका निमित्त नभई विकासका लागि हुने गर्दछ। तसर्थ दलविहीन पञ्चायती व्यवस्थामा विकासका लागि राजनीतिकै सार्थकता रहेको छ ।

नेपाल राष्ट्रको सन्तुलित र सर्वाङ्गीण विकासका लागि सम्पूर्ण पञ्च कार्यकर्ताको चिन्तन, मनन र प्रयत्नलाई राष्ट्र निर्माणको दिशामा समर्पित र एकाग्र बनाउने प्रक्रिया नै विकासका निमित्त राजनीति हो ।

दलविहीन पञ्चायती व्यवस्थाको कार्यकर्ताहरूको राजनैतिक चरित्र र संस्कार दलीय कार्यकर्ताहरू-भन्दा भिन्न हुनुपर्छ । शक्ति र सत्ताका लागि मात्र प्रतिद्वन्दिता नगरी जनसेवा र विकासमा पूर्णतया समर्पित हुनु पञ्चायती कार्यकर्ताको आदर्श हुनुपर्दछ ।

समाजबाट भोक, रोग र अशिक्षालाई सक्दो छिटो हटाई श्री ५ को सदिच्छा साकार गर्न समस्त राष्ट्र एकजुट हुनुपर्दछ । विकासको आवश्यकतालाई पञ्च कार्यकर्ताले स्वयं बुझी सामान्य जनतालाई समेत विकासको आवश्यकता महसूस गराउन प्रभावकारी भूमिका खेल्नु पर्दछ । श्री ५ को नेतृत्वमा सरकार र जनताले एक अर्काको सहयोगी र पूरक भई राष्ट्र निर्माणमा संलग्न रहने वातावरणको सृजना गर्ने उद्देश्यबाट पञ्च कार्यकर्ताको राजनैतिक भूमिका हुनुपर्दछ ।

MARTIN CHAUTARI LIBRARY KTM, NEPAL
8548

मुद्रकः– श्री ५ को सरकारको छापाखाना, सिंहदरबार ।